# राजविराज नगरपालीका

## नगर कार्यपालिकाको कार्यालय

## राजविराज, सप्तरी, २ नं. प्रदेश, नेपाल

प.स.
च.नं.

**विषय : <u>पशुहाट(मवेशी) ठेक्काको शिलबन्दी बोलपत्र आह्वानको सुचना</u> ।**

**प्रथम पटक प्रकाशित मिति :२०७५ । ०३ । ०८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको वडा नं. १५ को मुसहर्निया पशु हाट हप्तामा एक पटक लगाउने ठेक्का आ.ब.२०७५।०७६ बर्ष १ (एक) का लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ती, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । यो सुचना पहिलो पटक प्रकाशित भएको मिति २०७५।०३।०८ गते देखी २०७५।०४।०७ गते कार्यालय समय भित्र रु. १०००।०० (फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम सक्कलै २०७५।०४।०८ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

## <u>शर्त तथा बन्देजहरु</u>

१. आ.व. २०७५।०७६ बर्ष १(एक) का लागि राजविराज नगरपालिका वडा नं. १५ मुसहर्निया पशु हाट ठेक्काको न्युनतम रकम रु १,५१,०००।०० कायम गरिएको छ । न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार एक बर्षका लागि ठेक्का दिइ चलन गर्न दिईने छ ।

२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । बोलपत्रदाताको घरमा अनिवार्य सौचालय हुनु पर्ने छ ।

३. प्राप्त बोलपत्रहरु मिति २०७५।०४।०८ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५ प्रतिशतले हुने धरौटी रकम यस न.पा. कार्यालयको रा.वा. बैंकमा रहेको धरौटी खाता हि.नं. २१८०३०३००७१०८ मा जम्मा गरि सो को सक्कलै भौचर बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का.मा सुरक्षित रहने छ ।

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहीले हुन आउने सम्पुर्ण ठेक्का रकम ४ (चार) किस्तामा चुक्ता गर्नु पर्ने छ । पहिलो किस्ता रकम सम्झौता गर्दा नै अनिवार्य दाखिला गर्नु पर्ने छ । दोस्रो किस्ता रकम २०७५ साल आश्विन मसान्त सम्ममा जम्मा गर्नु पर्ने छ । तेस्रो किस्ता रकम २०७५ पौष मसान्त सम्म र चौथो किस्ता रकम २०७५ चैत्र मसान्त सम्म अनिवार्य चुक्ता गर्नु पर्ने छ । तोकिएको समयामा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ५००।- (पाँच सय) विलम्ब शुल्क लाग्ने छ । विलम्ब शुल्क सहित थप ३० दिन सम्म ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । आ.व. २०७५।०७६ सम्मको एक वर्ष अवधिको बांकी किस्ता वरावरको रकमको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी ) दिनु पर्ने छ । धन तथा जेथा जमानीलाई मान्यता दिईने छ ।

७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी आफनो बक्यौता रकम असुल उपर गर्ने छ ।

८. ठेकेदारले ठेका रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधक हरु राख्ने पाउने छैन ।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको विना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

११. ठेक्का चलन गर्दातोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा. को छाप लागेको रसिद, भरपाई प्रयोजनमा ल्याउनुपर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१३. कुनै किसिमको हडताल, बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाईनेछैन ।

१४. स्वीकृत बोल कवोल अंकको रकम एक मुष्टजम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरि होर्डिंग बोर्ड बनाई राख्नु पर्नेछ ।

१६. ठेका चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१७. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१८. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

१९. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

**ठेकेदारले उठाउन पाउने दर रेट :**

१. पशु खरिद गर्ने संग खरिद मुल्यको २% प्रतिशत

२. प्रति पशु विक्री गर्ने संग रु १५